परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक


वर्ष : ४ अंक : २८१ पष्ठ ४ २०८३ साउन १५ गते शुक्रबार 31 July, 2026 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




# सामाजिक सद्भाव कायम राख्न
# महोत्तरी प्रशासनको अपिल, अफवाह नफैलाउन आग्रह

**"तराईका जिल्लामा बढ्दो तनावबीच महोत्तरी प्रशासनले अफवाहबाट सचेत रहँदै सामाजिक सद्भाव, धार्मिक सहिष्णुता र शान्ति कायम राख्न जिल्लावासीसँग अपिल गरेको छ।"**




● टक नेपाल

तराईका विभिन्न जिल्लामा देखिएको पछिल्लो सुरक्षा तथा सामाजिक अवस्थाप्रति चिन्ता व्यक्त गर्दै जिल्ला प्रशासन कार्यालय महोत्तरीले जिल्लावासीलाई सामाजिक सद्भाव, धार्मिक सहिष्णुता र शान्ति-सुरक्षा कायम राख्न आग्रह गरेको छ।

जिल्ला प्रशासन कार्यालयले बिहीबार अपराह्न जारी गरेको 'हार्दिक अपिल'मा नेपालको पहिचान धार्मिक सहिष्णुता, आपसी भाइचारा र सामाजिक सद्भाव रहेको उल्लेख गर्दै कुनै पनि उत्तेजनात्मक गतिविधि वा अफवाहबाट प्रभावित नहुन सबैलाई अनुरोध गरेको हो।

प्रशासनले पुस्तौंदेखि कायम रहेको सामाजिक एकता र आत्मीयतालाई जोगाउनु सबै नागरिकको साझा जिम्मेवारी भएको उल्लेख गर्दै सानो असावधानीले पनि समाजमा ठूलो नकारात्मक असर पर्न सक्ने भएकाले संयमता अपनाउन आग्रह गरेको छ।

अपिलमा सामाजिक सञ्जालमा फैलिने अपुष्ट भिडियो, तस्बिर तथा भ्रामक सन्देशको सत्यता पुष्टि नगरी विश्वास वा प्रसार नगर्न विशेष अनुरोध गरिएको छ। यस्ता अफवाह र उत्तेजनात्मक सामग्रीले समाजमा द्वेष, भ्रम र अस्थिरता सिर्जना गर्न सक्ने भन्दै प्रशासनले सचेत रहन आग्रह गरेको छ।

त्यस्तै, धर्म, संस्कृति र परम्परामा विविधता भए पनि सबै नागरिकबीचको आपसी सम्मान, सहकार्य र सद्भाव नै समाजको बलियो आधार भएको उल्लेख गर्दै एकअर्काको आस्था, विश्वास र भावनाको सम्मान गर्न प्रशासनले अपिल गरेको छ।

प्रशासनले घर-आँगन, टोल तथा सार्वजनिक स्थलबाट घृणा होइन, एकता, मेलमिलाप र प्रेमको सन्देश फैलाउन आग्रह गरेको छ। विशेषगरी युवाहरूलाई सामाजिक एकता र सद्भाव सुदृढ बनाउन सकारात्मक भूमिका निर्वाह गर्न अनुरोध गरिएको छ।

यसैगरी समाजमा कुनै शंकास्पद गतिविधि वा असमझदारी देखिएमा तत्काल स्थानीय जनप्रतिनिधि, समाजसेवी वा नजिकको प्रहरी कार्यालयमा जानकारी गराई प्रशासनलाई सहयोग गर्न आग्रह गरिएको छ।

जिल्ला प्रशासन कार्यालयले शान्ति, सुरक्षा र सामाजिक सद्भाव कायम राख्नु सरकार वा सुरक्षा निकायको मात्र दायित्व नभई प्रत्येक नागरिकको साझा जिम्मेवारी भएको उल्लेख गर्दै सुरक्षित, शान्त र सहिष्णु महोत्तरी निर्माणका लागि सबैलाई हातेमालो गर्न आह्वान गरेको छ।

अपिलको अन्त्यमा प्रशासनले "शान्ति र सद्भाव नै हाम्रो साँचो पहिचान हो" भन्ने सन्देश दिँदै जिल्लावासीलाई सामाजिक एकता जोगाउन जिम्मेवार भूमिका निर्वाह गर्न आग्रह गरेको छ।

## बर्दिबासमा प्रथम नगर मैत्रीपूर्ण महिला ट्राइ-सिरिज टी-२० क्रिकेट प्रतियोगिता साउन १५ देखि सुरु

गौरीबास युथ क्लबको आयोजनामा प्रथम नगर मैत्रीपूर्ण महिला ट्राइ-सिरिज टी-२० क्रिकेट प्रतियोगिता-२०८३ साउन १५ गतेदेखि बर्दिबास रंगशालामा सञ्चालन हुने भएको छ।

महिला क्रिकेटको प्रवर्द्धन तथा खेलाडीहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले आयोजना गरिएको प्रतियोगितामा गौरीबास युथ क्लब, श्री स्पोर्ट्स क्लब र मिलन क्रिकेट क्लब गरी तीन टोलीको सहभागिता रहने आयोजकले जनाएको छ।

प्रतियोगिताको उद्घाटन खेल साउन १५ गते बिहान ८:३० बजे गौरीबास युथ क्लब र श्री स्पोर्ट्स क्लबबीच हुनेछ। सोही दिन दिउँसो १:३० बजे गौरीबास युथ क्लब र मिलन क्रिकेट क्लबबीच दोस्रो खेल हुनेछ।

साउन १६ गते बिहान ८:३० बजे गौरीबास युथ क्लब र मिलन क्रिकेट क्लब आमनेसामने हुनेछन् भने दिउँसो १:३० बजे मिलन क्रिकेट क्लब र श्री स्पोर्ट्स क्लबबीच प्रतिस्पर्धा हुनेछ।

लिग चरणका शीर्ष दुई टोलीबीच साउन १७ गते बिहान ११:३० बजे फाइनल खेल आयोजना गरिनेछ।

बर्दिबास नगरपालिकाको प्रायोजनमा सञ्चालन हुने प्रतियोगिता बर्दिबास रंगशालामा हुनेछ। आयोजक गौरीबास युथ क्लबले प्रतियोगिता सफल बनाउन खेलप्रेमी, स्थानीयवासी तथा सरोकारवाला सबैलाई उपस्थित भई महिला क्रिकेटलाई प्रोत्साहन गर्न आग्रह गरेको छ।



पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### सामाजिक सद्भावको रक्षा सबैको दायित्व

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विशेषताले सम्पन्न राष्ट्र हो। यही विविधताबीचको एकता नेपाली समाजको सबैभन्दा ठूलो शक्ति र पहिचान हो। संविधानले पनि धार्मिक तथा सांस्कृतिक स्वतन्त्रताको संरक्षण गर्दै सामाजिक सद्भाव, सहिष्णुता र समावेशितालाई राष्ट्र निर्माणको आधार मानेको छ। त्यसैले सामाजिक सद्भाव कायम राख्नु कानुनी दायित्व मात्र होइन, साझा नागरिक जिम्मेवारी पनि हो।

नेपाली समाजमा विभिन्न धर्म, संस्कृति र परम्पराले लामो समयदेखि सहअस्तित्वको उदाहरण प्रस्तुत गर्दै आएका छन्। एकअर्काका पर्व, संस्कार र संस्कृतिप्रति सम्मान गर्ने परम्पराले राष्ट्रिय एकतालाई बलियो बनाएको छ। यही सामाजिक पूँजीले नेपाललाई विविधताबीच पनि शान्तिपूर्ण सहजीवनको उदाहरणका रूपमा चिनाएको छ।

तर पछिल्ला वर्षहरूमा सामाजिक सञ्जालमार्फत फैलाइने भ्रामक सूचना, घृणायुक्त अभिव्यक्ति र उक्साहटपूर्ण सामग्रीले सामाजिक तथा धार्मिक तनाव बढाउने जोखिम देखिएको छ। सामान्य विवादलाई अतिरञ्जित गरी साम्प्रदायिक रूप दिन खोज्ने प्रवृत्तिले सामाजिक विश्वास कमजोर बनाउँछ। यस्तो अवस्थामा नागरिकको विवेक, सञ्चार माध्यमको जिम्मेवारी र राज्यको सतर्कता अत्यन्त आवश्यक हुन्छ।


सामाजिक सद्भाव कायम राख्न कानुनको प्रभावकारी कार्यान्वयनसँगै स्थानीय तह, राजनीतिक दल, धार्मिक अगुवा, नागरिक समाज र समुदायबीच निरन्तर संवाद र सहकार्य आवश्यक छ। सम्भावित तनावको समयमै पहिचान, अफवाहको नियन्त्रण र कानुनी कारबाहीले ठूलो दुर्घटना हुनबाट जोगाउन सक्छ। साथै, डिजिटल साक्षरता र जिम्मेवार सामाजिक सञ्जाल प्रयोगलाई पनि प्राथमिकतामा राख्नुपर्छ।

नेपालको विविधता कमजोरी होइन, राष्ट्रिय शक्ति हो। यही विविधतालाई सम्मान गर्दै आपसी विश्वास, सहिष्णुता र सहकार्यको संस्कृतिलाई अझ सुदृढ बनाउन सके मात्र संविधानले परिकल्पना गरेको समतामूलक, शान्तिपूर्ण र समावेशी समाज निर्माण सम्भव हुनेछ। सामाजिक सद्भावको रक्षा गर्नु प्रत्येक नेपालीको साझा दायित्व हो।




# मधेस प्रदेश जनस्वास्थ्य प्रयोगशाला पूर्ण क्षमतामा सञ्चालन

• टक नेपाल




मधेस प्रदेश जनस्वास्थ्य प्रयोगशालाले पूर्ण क्षमतामा सेवा सञ्चालन गरेसँगै स्थानीयहरुलाई निजी प्रयोगशालाको भन्दा न्यूनतम शुल्कमा स्वास्थ्य परीक्षण गराउन सहज भएको छ।

बोलपत्र प्रक्रियामार्फत औषधि तथा केमिकल खरिद भएसँगै प्रयोगशालाले केही महिनादेखि पुनः पूर्ण क्षमतामा स्वास्थ्य परीक्षण सेवा थालेको हो। मधेस प्रदेश सरकारद्वारा सञ्चालित सो प्रयोगशालाबाट अहिले निजी क्षेत्रका प्रयोगशालाभन्दा न्यूनतम शुल्कमा दैनिक पाँच सयभन्दा बढी व्यक्तिले स्वास्थ्य परीक्षण गराउँदै आएका छन्। मधेस प्रदेश स्वास्थ्य प्रयोगशालाका निमित्त निर्देशक डा नागेन्द्र यादवका अनुसार प्रयोगशालाले विभिन्न २५६ प्रकारको परीक्षण सेवा सञ्चालन गर्दै आएको छ।

गत २०७८ साल कात्तिक १५ गते स्थापना भएको प्रयोगशालाले मधेस प्रदेशका आठ वटै जिल्लाको १३६ पालिकामा जनस्वास्थ्य प्रयोगशाला सञ्चालन गरी स्वास्थ्य परीक्षण सेवा दिँदै आएको निर्देशक डा. यादवले बताउनुभयो।

प्रयोगशालाको जनकपुरधामस्थित प्रयोगशाला र विभिन्न पालिकाहरुमा सञ्चालित जनस्वास्थ्य प्रयोगशालाहरुबाट आर्थिक वर्ष २०८२/८३ मा मात्र आठ लाख ५५ हजार ५८२ जनाको स्वास्थ्य परीक्षण गरिएको निर्देशक डा यादवले जानकारी दिनुभयो।

उहाँका अनुसार सो अवधिमा जनकपुरधामस्थित प्रयोशालाबाट दुई लाख तीन हजार ५८७ र स्थानीय तहरुमा सञ्चालित जनस्वास्थ्य प्रयोशालाबाट छ लाख ५१ हजार ९९५ जनाको स्वास्थ्य जाँच गरिएको छ।

सो प्रयोगशालाले आव २०८२/८३ मा स्वास्थ्य परीक्षणबाट रु चार करोड ७६ लाख ५२ हजार ८७ राजस्व सङ्कलन गरेको छ। निर्देशक डा यादवका अनुसार जनकपुरधामस्थित प्रयोशलामा गरिएको स्वास्थ्य परीक्षणबाट रु दुई करोड ७५ लाख ५२ हजार ५२२ र स्थानीय तहमा सञ्चालित जनस्वास्थ्य प्रयोगशालामा गरिएको स्वास्थ्य परीक्षणबाट रु दुई करोड ९९ हजार ५६५ गरी रु चार करोड ७६ लाख ५२ हजार ८७ राजस्व सङ्कलन भएको छ।

प्रयोगशालाले ज्येष्ठ नागरिक तथा दीर्घरोगीहरुलाई शुल्कको ९० प्रतिशत र आपाङ्गता भएका व्यक्तिहरुलाई ५० प्रतिशत छुटमा स्वास्थ्य परीक्षण गरिरहेको जनाएको छ। हाल सञ्चालनमा ल्याइएको 'इन्टिग्रेटेड' सेवा प्रणालीले सेवाग्राहीलाई एउटै स्थानबाट विभिन्न प्रकारका स्वास्थ्य परीक्षण गराउने सुविधा दिएको छ। नेपालका धेरै सरकारी स्वास्थ्य संस्थामा बिरामीले विभिन्न शाखा धाउनुपर्ने अवस्था रहँदै आएको सन्दर्भमा यस्तो व्यवस्था सेवामैत्री सुधारको उदाहरण भएको स्थानीयहरुको भनाइ छ।

# सूचना नदिएको भन्दै मिथिला बिहारीका तत्कालीन प्रमुख प्रशासकीय अधिकृतलाई ५० हजार रुपैयाँ जरिवाना

• टक नेपाल




राष्ट्रिय सूचना आयोगले सूचना माग गर्ने नागरिकलाई पटक-पटक निर्देशन दिँदासमेत सूचना उपलब्ध नगराएको ठहर गर्दै धनुषाको मिथिलाबिहारी नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत नागेन्द्र यादवलाई ५० हजार रुपैयाँ जरिवाना गरेको छ। हाल उनी अन्य जिल्लामा कार्यरत छन्।

आयोगले सूचना आयोग ऐन, २०६४ को दफा ३२(१) बमोजिम यादवलाई जरिवाना गर्ने निर्णय गर्दै सूचना मागकर्ताको संवैधानिक तथा कानुनी अधिकार उल्लंघन भएको निष्कर्ष निकालेको हो।

आयोगका अनुसार मिथिलाबिहारी नगरपालिका-८ निवासी सुदीपकुमार यादवले नगरपालिकासँग विभिन्न सार्वजनिक सरोकारका सूचना माग गरेका थिए। उनले नगरपालिकामा दर्ता भएका निवेदन तथा फैसला, आर्थिक वर्ष २०८०/०८१ का नगर तथा वडा स्तरीय योजनाको लागत अनुमान, योजनासम्बन्धी कागजात, सार्वजनिक खरिद ऐन तथा नियमावलीअनुसार अग्रिम भुक्तानीको कानुनी आधार तथा राष्ट्रिय सतर्कता केन्द्रको पत्रका आधारमा सडक बोर्डको रकम खर्च गरिएको कानुनी व्यवस्थासम्बन्धी सूचना माग गरेका थिए।

नगरपालिकाले सूचना उपलब्ध नगराएपछि उनले राष्ट्रिय सूचना आयोगमा पुनरावेदन दिएका थिए। त्यसपछि आयोगले सात दिनभित्र सूचना उपलब्ध गराउन तथा लिखित जवाफ पेश गर्न आदेश दिएको थियो। तर नगरपालिकाले आयोगको आदेशसमेत पालना नगरी कुनै जानकारी उपलब्ध नगराएको निर्णयमा उल्लेख छ।

आयोगका अनुसार पुनरावेदनपछि पनि नगरपालिकाले तोकिएको अवधिमा सूचना उपलब्ध गराएन। पटक-पटक चेतावनी र निर्देशन दिँदासमेत बेवास्ता गरिएकाले सूचना मागकर्ताको संविधानद्वारा सुनिश्चित मौलिक अधिकार हनन भएको ठहर गरिएको छ।

निर्णयमा नेपालको संविधानको धारा २७ ले प्रत्येक नागरिकलाई सार्वजनिक सरोकारका विषयमा सूचना पाउने मौलिक अधिकार सुनिश्चित गरेको उल्लेख गर्दै सूचना आयोग ऐन, २०६४ ले त्यसको कार्यान्वयनको व्यवस्था गरे पनि मिथिलाबिहारी नगरपालिकाले कानुनी दायित्व पूरा नगरेको जनाइएको छ।

आयोगले तत्कालीन प्रमुख प्रशासकीय अधिकृत यादव सार्वजनिक पदमा रहँदा नागरिकको सूचना पाउने अधिकारप्रति जिम्मेवार हुनुपर्नेमा आयोगका पटक-पटकका निर्देशन र चेतावनीलाई बेवास्ता गरेको भन्दै जरिवानाको निर्णय गरेको हो।

आयोगले धनुषाका प्रमुख जिल्ला अधिकारीलाई सम्बन्धित अधिकृतबाट ५० हजार रुपैयाँ जरिवाना असुल गरी आयोगलाई जानकारी गराउन निर्देशन दिएको छ। साथै, मिथिलाबिहारी नगरपालिकालाई प्रमुख प्रशासकीय अधिकृतमाथि विभागीय कारबाही गरी त्यसको जानकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत आयोगमा पठाउन पनि निर्देशन दिइएको छ।

यसका साथै आयोगले पुनरावेदकले माग गरेको सूचना प्रचलित कानुनबमोजिम उपलब्ध गराई त्यसबारे आयोगलाई जानकारी गराउन नगरपालिकालाई आदेश दिएको छ।

आयोगको निर्णयप्रति असन्तुष्ट भए सूचना आयोग ऐन, २०६४ को दफा ३४ अनुसार निर्णयको जानकारी प्राप्त भएको मितिले ३५ दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सकिने व्यवस्था छ।

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त डा. सुरेशप्रसाद आचार्य तथा सूचना आयुक्तद्वय गगन विष्ट र दुर्गा भण्डारी पौडेलको संयुक्त इजलासले चैत १६ गते उक्त निर्णय गरेको हो।



# महागËा आरती: साँझलाई बनाउँदै आध्यात्मिक उत्सव

● टक नेपाल

साँझको ७:३० बजेको समय । जनकपुरधामस्थित गङ्गासागर पोखरीको किनारमा घाम अस्ताउन लागेपछि वातावरण विस्तारै भक्तिमय बन्दै जान्छ। शङ्खध्वनि गुञ्जिन थाल्छ, घण्टनादले परिसर गुञ्जायमान हुन्छ र वैदिक मन्त्रको उच्चारणसँगै दीपको उज्यालो पानीको सतहमा छचल्किन थाल्छ।

आरती हेर्न गङ्गासागर पुगेका सयौँ श्रद्धालु हात जोडेर भक्तिभावमा मग्न हुन्छन् । कतिपयले दीप प्रज्वलन गरी आरतीमा सहभागी हुन्छन् भने कतिपयले शान्त भावले सम्पूर्ण दृश्यावलोकन गर्दै आध्यात्मिक आनन्द लिन्छन् ।



पछिल्लो समय जनकपुरधामस्थित ऐतिहासिक तथा धार्मिक गङ्गासागर पोखरीको सन्ध्याकालीन महागङ्गा आरती आन्तरिक तथा बाह्य पर्यटकहरुका लागि आकर्षको केन्द्र बन्दै गएको छ । प्रत्येक दिन साँझको समयमा हुँदै आएको महागङ्गा आरती हेर्न आन्तरिक तथा बाह्य पर्यटकहरुको घुइँचो लाग्ने गरेको छ । विगत १२ वर्षदेखि सञ्चालित महागङ्गा आरतीमा आन्तरिकसँगै छिमेकी मुलुक भारत तथा अन्य मुलुकहरुबाट समेत पर्यटकहरु आउने गरेको 'सेभ हिस्टोरिकल जनकपुरधाम'का संस्थापक संयोजक तथा मधेस प्रदेशसभाका सभामुख रामाशिष यादवले जानकारी दिनुभयो ।

भारतको बनारस, हरिद्वार, बनारसलगायतका स्थानमा हुने आरतीझैँ महागङ्गा आरती हुने गरेकाले पनि दैनिक महागङ्गा आरती दर्शनका लागि पर्यटकहरुको आगमन बढेको उहाँको भनाइ छ। "सुरुसुरुमा थोरै सङ्ख्यामा मात्र पर्यटकहरु आउने गर्नुहुन्थ्यो", महागङ्गा आरती समितिका अध्यक्ष राजकुमार महासेठले भन्नुहुन्छ, "अहिले महागङ्गा आरती दर्शनका लागि दैनिक ४०० देखि ५०० को सङ्ख्यामा आन्तरिक तथा बाह्य पर्यटकहरु आउने गरेका छन् । विशेष चाडपर्वका बेला त त्योभन्दा बढी नै श्रद्धालुहरु आउँछन् ।"

हरेक साँझ सञ्चालन हुने गङ्गा आरतीमा स्थानीयवासी, आन्तरिक पर्यटक तथा भारतका विभिन्न स्थानबाट आएका श्रद्धालुहरुको सहभागिता बढ्दै गएको छ । जानकी मन्दिरको दर्शनपछि गङ्गासागरमा पुगेर आरतीमा सहभागी हुने वा त्यसको अवलोकन गर्ने क्रम बढ्दै जाँदा जनकपुरधामको धार्मिक पर्यटनले पनि नयाँ गति पाएको देखिन्छ।

गङ्गासागर जनकपुरधामका ऐतिहासिक तथा धार्मिक महत्व बोकेका पोखरीमध्ये एक हो। जनविश्वास अनुसार यसको धार्मिक महत्व प्राचीनकालदेखि रहिआएको छ। यही ऐतिहासिक महत्वलाई थप जीवन्त बनाउने उद्देश्यले नियमित गङ्गा आरती सञ्चालन हुन थालेपछि गङ्गासागर साँझको समयमा श्रद्धा, संस्कृति र पर्यटनको केन्द्रका रूपमा विकसित भएको जनकपुरधाम उपमहानगरपालिकाका पूर्व उपाध्यक्ष अम्बोकुमार साह बताउनुहुन्छ।

"साँझमा आरती सुरु हुनुभन्दा केही समयअघि नै श्रद्धालुहरू गङ्गासागर परिसरमा जम्मा हुन थाल्छन", पूर्वउपाध्यक्ष साह भन्नुहुन्छ, "कोही परिवारसहित आउँछन् भने कोही साथीभाइसँग । कतिपय श्रद्धालु भारतको सीतामढी, मधुबनी, दरभङ्गा, सुपौल, मुजफ्फरपुरलगायत क्षेत्रबाट जनकपुरधाम भ्रमणका क्रममा आरती हेर्न आउने गरेका छन् ।" दर्शन गर्न आउनेहरु जानकी मन्दिरको दर्शनपछि साँझ गङ्गासागरमा पुगेर दीप प्रज्ज्वलन गर्नुलाई आफ्नो धार्मिक यात्राको महत्वपूर्ण हिस्सा मान्ने गरेको उहाँको भनाइ छ।

आरतीका क्रममा शङ्खध्वनि, डमरु र वैदिक मन्त्रको सम्मिश्रणले सम्पूर्ण वातावरण आध्यात्मिक बनाउने गर्दछ। दीपको उज्यालोले पोखरीको पानीमा देखिने प्रतिविम्बले उपस्थित सबैलाई आकर्षित गर्छ। यही दृश्य कैद गर्न धेरै श्रद्धालु मोबाइल र क्यामेरा बोकेर पुग्ने गरेका छन् । सामाजिक सञ्जालमा गङ्गा आरतीका तस्बिर र भिडियो व्यापक रूपमा साझा हुन थालेपछि यसको लोकप्रियता अझ बढेको स्थानीयवासी बताउँछन् ।

धार्मिक अभियन्ता जङ्गबहादुर सिंहका अनुसार गङ्गा आरती कुनै धार्मिक अनुष्ठान मात्र नभई सनातन संस्कृति, सामाजिक सद्भाव र प्रकृतिप्रतिको सम्मानको सन्देश दिने अभियान पनि हो । आरतीमा जात, भाषा, क्षेत्र वा वर्गको विभेद नहुने भएकाले सबै समुदायका मानिस सहजरूपमा सहभागी हुने गरेको उहाँको कथन छ। यसले धार्मिक सहिष्णुता र सामाजिक एकतालाई समेत मजबुत बनाएको छ।

पछिल्लो समय युवापुस्ताको सहभागिता पनि उल्लेखनीय रूपमा बढेको देखिन्छ । आधुनिक जीवनशैली र डिजिटल प्रविधिको प्रभावबीच धार्मिक तथा सांस्कृतिक गतिविधिमा युवाको आकर्षण घट्दै गएको चर्चा भइरहेका बेला गङ्गा आरतीले उहाँहरुलाई आफ्नो संस्कृति र परम्परासँग जोड्न सफल भएको स्थानीयको अनुभव छ। धेरै युवा स्वयंसेवक व्यवस्थापन, सरसफाइ, श्रद्धालुलाई सहयोग तथा सामाजिक सञ्जालमार्फत कार्यक्रमको प्रचारप्रसारमा सक्रिय देखिन्छन् । पर्यटकको आकर्षकको केन्द्र बन्दै गएको महागङ्गा आरती जनकपुरधामको आर्थिक सम्बृद्धि र व्यापारिक विकासको माध्यम समेत बनेको स्थानीय व्यापारीहरु बताउँछन् ।

महागङ्गा आरती जनकपुरधामको समृद्धिका लागि महत्वपूर्ण कोसेढुङ्गा बनेको जनकपुरधामका व्यापारी शम्भु साह बताउनुहुन्छ। कुनै बेला फोहरको डङ्गुरका कारण दुर्गन्धित बनेको पवित्र गङ्गा सागर पोखरीको सरसफाइसँगै २०७१ जेठ २५ गतेदेखि सुरु भएको महागङ्गा आरतीले नयाँ रौनकता थपेको उहाँको भनाइ छ। पहिलो आरती नेपालका लागि तत्कालीन भारतीय राजदूत रञ्जित रे तथा ब्रह्माकुमारी राजयोग केन्द्रका सञ्चालिका गङ्गा माताले गर्नुभएको थियो । त्यसयता पूर्वराष्ट्रपति डा.रामवरण यादव, भारत विहारका उपमुख्यमन्त्री सुशील मोदी, भारत, अमेरिका, श्रीलङ्का, थाइल्यान्डलगायतका देशका राजदूत, सभामुख, राष्ट्रियसभा अध्यक्ष, न्यायाधीश, प्रहरी र सेनाका उच्च पदाधिकारीहरु पनि गङ्गा आरतीमा सहभागी भइसक्नुभएको छ।

धार्मिक र सांस्कृतिक इतिहास बोकेको जनकपुरधाममा 'ग्रिन जनकपुर क्लिन जनकपुर' अभियानअन्तर्गत गङ्गासागर पोखरीको सरसफाईसँगै महागङ्गा आरती सुरु गरिएको 'सेभ हिस्टोरिकल जनकपुरधाम'का संस्थापक संयोजक तथा प्रदेशसभाका सभामुख यादव बताउनुहुन्छ । "अभियानकै क्रममा जनकपुरका युवा तथा अभियानीहरुको साथ लिएर गङ्गासागर पोखरीको सरसफाई र सौन्दर्यीकरण गऱ्यौँ", सभामुख यादव भन्नुहुन्छ, "पोखरीको सरसफाई गर्न करिब एक वर्ष लाग्यो, त्यसपछि महागङ्गा आरती सुरु गरिएको र अहिले त्यो निरन्तर जारी छ।" यस अभियानअन्तर्गत जनकपुरधाम तथा चुरे क्षेत्रमा गरी हालसम्म करिब एक लाखभन्दा बढी बोट बिरुवा रोपिएको उहाँको भनाइ छ।

सुरुमा बनारसको पुजारीबाट मिथिलाका पुजारीलाई आरतीसम्बन्धी प्रशिक्षण दिई गङ्गासागर पोखरीमा महागङ्गा आरती सुरु गरिएको थियो। सुरुमा एक जना पुजारीबाट मात्र महागङ्गा आरतीमा अहिले तीन जना पुजारीबाट आरती हुँदै आएको छ। महागङ्गा आरतीको क्रममा हुने मन्त्रजापले श्रद्धालुहरुलाई थप आकर्षित बनाउने गरेको छ । साहित्यकार डा. राजेन्द्र विमलद्वारा लिखित तथा सुनिल मल्लिकद्वारा गायन गरिएको महागङ्गा आरती भजन सुनेर श्रद्धालुहरु थप उत्साहित हुने गरेका छन् ।

जनकपुरधामको गङ्गा आरतीमा गङ्गाको स्तुति मात्र नभई सबै देवीदेवताको मन्त्र जाप हुने गरेकोले यसको विशेष महत्व रहेको महागङ्गा आरती समितिका अध्यक्ष महासेठ बताउनुहुन्छ। "पर्यटन व्यवसायीका अनुसार जनकपुरधाम आउने धेरै पर्यटक पहिले दिनमै दर्शन गरेर फर्किने गर्थे", अध्यक्ष महासेठ भन्नुहुन्छ, "अहिले साँझको गङ्गा आरती हेर्नका लागि धेरैले आफ्नो बसाई लम्ब्याउन थालेका छन्, यसले होटलको 'अकुपेन्सी' बढेको छ।"

धार्मिक पर्यटनका जानकार सरोज कर्णका अनुसार गङ्गा आरतीलाई जनकपुरधामको 'साँझको सांस्कृतिक पहिचान' का रूपमा विकास गर्न सकिने सम्भावना छ । भारतका वाराणसी, हरिद्वार र उज्जैनजस्ता धार्मिक सहरमा नियमित आरतीले अन्तरराष्ट्रियस्तरको पर्यटन आकर्षित गरेझैँ जनकपुरधाममा पनि योजनाबद्ध प्रवर्द्धन गर्नसके धार्मिक पर्यटनले थप उचाई लिन सक्ने उहाँहरूको धारणा छ । त्यसका लागि पूर्वाधार विस्तार, व्यवस्थित व्यवस्थापन, नियमित प्रचारप्रसार र पर्यटकमैत्री सेवा आवश्यक रहेको स्थानीय बुद्धिजीवी कर्ण बताउनुहुन्छ।

गङ्गासागर परिसरको सौन्दर्यीकरण, सरसफाइ, प्रकाश व्यवस्था, बस्ने स्थान, शौचालय, पार्किङ, सुरक्षा तथा सूचना केन्द्रको व्यवस्थापनमा थप सुधार गर्नसके श्रद्धालु र पर्यटकको अनुभव अझ प्रभावकारी बन्ने स्थानीयवासीको सुझाव छ। विशेषगरी ठूलो भीड हुने दिनमा स्वयंसेवक परिचालन, ट्राफिक व्यवस्थापन र स्वास्थ्य सहायता केन्द्र सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्याइएको छ।

जनकपुरधाम वर्षभरि विभिन्न धार्मिक तथा सांस्कृतिक पर्वले जीवन्त रहने सहर हो । रामनवमी, विवाहपञ्चमी, छठ, होली, झिझिया, सामाचकेवालगायतका पर्वले यहाँको सांस्कृतिक विविधतालाई झल्काउँछन् । गङ्गा आरतीले ती परम्परागत पर्वबाहेक दैनिक रूपमा धार्मिक गतिविधिको निरन्तरता दिएको छ। यसले जनकपुरधामलाई पर्वका बेला मात्र होइन, हरेक दिन पुग्न सकिने धार्मिक गन्तव्यका रूपमा परिचित गराउन सहयोग पुऱ्याएको छ।

गङ्गा आरतीमा सहभागी हुँदा मनमा शान्ति, सकारात्मक ऊर्जा र आध्यात्मिक सन्तुष्टि प्राप्त हुने अनुभूति हुने गरेको नियमित गङ्गा आरतीमा सहभागी हुँदै आउनुभएका पङ्कज महतो बताउनुहुन्छ। दैनिक जीवनको व्यस्तता र तनावबाट केही समय अलग भएर धार्मिक वातावरणमा बिताउने अवसरका रूपमा पनि धेरैले यसलाई लिने गरेका छन् ।

## धनुषाका विभिन्न क्षेत्रमा अनिश्चितकालीन कर्फ्यु, शान्ति सुरक्षाका लागि नेपाली सेना परिचालन

● टक नेपाल

धनुषाका विभिन्न क्षेत्रमा उत्पन्न तनावपूर्ण सुरक्षा अवस्थालाई मध्यनजर गर्दै जिल्ला प्रशासन कार्यालय धनुषाले बिहीबार दिउँसो ३:३० बजेदेखि लागू हुने गरी अनिश्चितकालीन कर्फ्यु आदेश जारी गरेको छ।

प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइटेलद्वारा जारी आदेशअनुसार अर्को सूचना जारी नभएसम्म तोकिएका चार किल्लाभित्र कर्फ्यु लागू रहनेछ।

प्रशासनका अनुसार कर्फ्यु क्षेत्रको सीमा पूर्वमा बेलौनी रोडस्थित एम.क्यू. स्टिलदेखि हुलाकी सडक हुँदै राष्ट्रिय प्राथमिक विद्यालयसम्म, पश्चिममा सिनुरजोडा-सोहनी-मनिमण्डप-नेपाल नर्सरी-इस्कोन जनकपुर-दुधमती पुल-बेला-कादरी मस्जिदसम्म, उत्तरमा लक्ष्मिनिया हाटबजार चोक (लक्ष्मिनिया गाउँपालिका-७) हुँदै सिनुरजोडा चोक र लक्ष्मीपुर वगेवाससम्म तथा दक्षिणमा नगराइन नगरपालिका क्षेत्र र नगराइन चोक वरपरसम्म तोकिएको छ।

जिल्ला प्रशासन कार्यालयले शान्ति-सुरक्षा कायम गर्न तथा स्थिति नियन्त्रणमा लिन स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (१)(क) र (२) बमोजिम नेपाली सेना परिचालनका लागि अनुरोध गरेको जनाएको छ।

यसअनुसार विष्णुदल गण (महेन्द्रनगर ब्यारेक) अन्तर्गतको नेपाली सेना परिचालन गरिएको छ।

प्रशासनका अनुसार शान्ति-सुरक्षाको अवस्था नियन्त्रणमा राख्न आवश्यक परे न्यूनतम बल प्रयोग गर्दै गोली चलाउने अधिकारसमेत नेपाली सेनालाई प्रत्यायोजन गरिएको छ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

☞ २४ सं घण्टा इमजेन्सी सेवा
☞ ICU,NICU,PICU सेवा
☞ EndosocopyDiode Laser सेवा
☞ विभिन्न ेगहरुको विशेषज्ञ डाक्टहरुद्वाा उत्कष्ट स्वास्थ्य सेवा
☞ Laproscopy सेवा
☞ X-Ray, USG, CT Scan सेवा
☞ क्याबिनको समेत व्यवस्था भएको
☞ 247 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०



# सीके राउतको आग्रह
## 'धार्मिक सद्भाव जोगाऔं, हिंसा र द्वन्द्वबाट टाढा रहौं'



• टक नेपाल

जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा. सीके राउतले नेपालमा धार्मिक सहिष्णुता, सामाजिक सद्भाव र शान्ति कायम राख्न सबै पक्षलाई संयमता अपनाउन आग्रह गरेका छन् ।

बिहीबार सामाजिक सञ्जालमार्फत आफ्नो धारणा सार्वजनिक गर्दै उनले बाहिरी मुलुकका द्वन्द्व र हिंसाको प्रभाव नेपालमा भित्र्याउने प्रयास अन्ततः आफ्नै समाजका लागि घातक हुने चेतावनी दिएका छन् ।

'अरू ठाउँबाट आगोको झिल्को ल्याएर आफ्नो गाउँमा लगायौं भने अन्ततः त्यसले आफ्नै घर पनि जलाउँछ। न्याय खोजौं, तर द्वन्द्व र हिंसा होइन,' उनले सामाजिक सञ्जालमा लेखेका छन् ।

राउतले नेपाल बहुधार्मिक, बहुभाषिक र बहुसांस्कृतिक मुलुक भएको उल्लेख गर्दै विभिन्न धर्मावलम्बी समुदायहरू सदियौंदेखि आपसी सद्भावका साथ सहअस्तित्वमा बाँच्दै आएको बताएका छन् । कुनै पनि धर्मका नागरिकले आफ्नो घरबार छाडेर अन्यत्र जानुपर्ने अवस्था नरहेको भन्दै उनले आक्रोश वा उक्साहटमा परेर धार्मिक सहिष्णुता र सामाजिक एकता कमजोर पार्न नहुने बताएका छन् ।

उनले राज्यसँग विभिन्न विषयमा असहमति भए पनि त्यसका लागि आफूहरू शान्तिपूर्ण संघर्षको पक्षमा रहेको स्पष्ट पारे। राज्यका निकायले षड्यन्त्र गरे त्यसको खबरदारी गरिरहे पनि त्यसलाई आधार बनाएर नागरिकहरूबीच आपसी द्वन्द्व सिर्जना गर्नु उचित नहुने उनको भनाइ छ ।

'राज्यले उक्साएर आपसमै भिडाउन खोजे पनि हामी सचेत भएर अझ एकजुट हुनुपर्छ। प्रहरी, प्रशासन वा अन्य संयन्त्रका कर्मचारी केही समयपछि सरुवा भएर अन्यत्र जान सक्छन्, तर अन्ततः यही समाजमा हामीले नै सँगै बस्नुपर्ने हुन्छ,' उनले उल्लेख गरेका छन् ।

राउतले सबै पक्षलाई शान्ति, संयमता र सामाजिक सद्भाव कायम राख्न आग्रह गर्दै न्यायका पक्षमा आफ्नो पार्टी सधैं दृढतापूर्वक उभिने प्रतिबद्धता व्यक्त गरेका छन् ।

साथै उनले राष्ट्रिय जनगणना-२०७८ को तथ्यांक उद्धृत गर्दै नेपालमा हिन्दु धर्मावलम्बी ८१.१९ प्रतिशत, बौद्ध ८.२१ प्रतिशत, इस्लाम ५.०९ प्रतिशत, किराँत ३.१७ प्रतिशत, क्रिश्चियन १.७६ प्रतिशत तथा अन्य धर्मावलम्बीहरूको बसोबास रहेको उल्लेख गरेका छन् । नेपालको विविध धार्मिक तथा सांस्कृतिक सहअस्तित्व नै राष्ट्रिय पहिचान भएकाले त्यसको संरक्षण सबैको साझा दायित्व भएको उनले बताएका छन् ।

# वीरगन्जका अस्पतालमा चार दिनपछि उपचार सेवा सुचारु

• टक नेपाल



वीरगन्जका अस्पतालहरूमा चार दिनदेखि ठप्प रहेको उपचार सेवा पुनः सञ्चालनमा आएको छ। नारायणी अस्पतालमा आकस्मिक सेवा बुधबार राति ९ बजेदेखि र ओपीडी सेवा बिहीबार बिहानदेखि नियमित रूपमा सञ्चालन गरिएको अस्पतालले जनाएको छ।

नारायणी अस्पतालका प्रवक्ता डा. उदयनारायण सिंहका अनुसार अस्पतालमा भएको तोडफोड र चिकित्सकमाथि भएको कुटपिट घटनाका दोषीमाथि कारबाही प्रक्रिया अघि बढेपछि चिकित्सकहरूले आन्दोलन स्थगित गरी सेवामा फर्किएका हुन् ।

गत शनिबार उपचारका क्रममा वीरगन्ज-२५ निवासी राज कुमार पटेलको मृत्यु भएपछि आक्रोशित समूहले नारायणी अस्पतालमा तोडफोड गर्नुका साथै मेडिकल अफिसर डा. प्रमोद राममाथि कुटपिट गरेको थियो । घटनाको विरोधमा नारायणी अस्पतालसहित वीरगन्जका अस्पतालका चिकित्सकहरूले आइतबारदेखि आकस्मिक सेवासमेत बन्द गर्दै आन्दोलन थालेका थिए। त्यसपछि देशभरका चिकित्सकहरूले पनि मंगलबारदेखि ऐक्यबद्धता जनाउँदै आन्दोलन गरेका थिए ।

बुधबार काठमाडौंमा नेपाल चिकित्सक संघ र स्वास्थ्य मन्त्रालयबीच पाँचबुँदे सहमति भएपछि आन्दोलन अन्त्य गर्ने वातावरण बनेको थियो । साथै, नारायणी अस्पताल घटनामा संलग्न व्यक्तिहरूविरुद्ध नेपाल चिकित्सक संघ नारायणी शाखा र अस्पताल प्रशासनले दिएको किटानी जाहेरी प्रहरीले दर्ता गरेपछि अस्पतालले सेवा पुनः सञ्चालन गर्ने निर्णय गरेको हो ।

डा. सिंहका अनुसार प्रहरी प्रशासनले घटनाको निष्पक्ष अनुसन्धान गरी दोषीमाथि कानुनी कारबाही गर्ने प्रतिबद्धता जनाएको छ । त्यसपछि चिकित्सकहरूले हड्ताल स्थगित गरी नियमित उपचार सेवामा फर्किएका हुन् ।

अस्पताल तोडफोड तथा चिकित्सकमाथि कुटपिट गरेको आरोपमा प्रहरीले वीरगन्ज-२५ का वडाध्यक्ष आशुतोष चतुर्वेदीसहित तीन जनालाई पक्राउ गरी अनुसन्धान गरिरहेको छ ।

यस्तै, आन्दोलनरत चिकित्सकसँग वार्ताका क्रममा दुर्व्यवहार गरेको आरोप लागेका तत्कालीन पर्सा प्रहरी प्रमुख (एसपी) सुदीपराज पाठकलाई प्रहरी प्रधान कार्यालयले मुख्यालय तानेको छ । उनको स्थानमा प्रहरी उपरीक्षक पवन भट्टराईलाई बुधबार साँझदेखि पर्साको जिम्मेवारी दिइएको छ ।

चिकित्सकहरू काममा फर्किएसँगै वीरगन्जका अस्पतालहरूमा उपचार सेवा पुनः नियमित भएको छ ।

# जनकपुरधामका सात ऐतिहासिक पोखरीको अतिक्रमण हटाइने गुठी संस्थानको अभियान सुरु

• टक नेपाल

गुठी संस्थानअन्तर्गत रहेका जनकपुरधामका सात वटा ऐतिहासिक पोखरीको अतिक्रमित डिल तथा जग्गा खाली गराउने प्रक्रिया सुरु गरिएको छ ।

गुठी संस्थानले साउन १ गते सार्वजनिक सूचना जारी गर्दै पोखरी क्षेत्रको अतिक्रमण हटाइने जानकारी गराएको थियो। सोहीअनुसार गुठी संस्थानका प्रशासक शैलेशराज कुँवरको नेतृत्वमा रहेको टोली जनकपुरधाम पुगेको हो ।

जनकपुरधाम पुगेको टोलीले उपमहानगरपालिकाका पदाधिकारीसँग भेट गरी पोखरी संरक्षण, गुठीको जग्गा व्यवस्थापन, अतिक्रमण हटाउने प्रक्रिया तथा आगामी कार्ययोजनाबारे छलफल गरेको छ ।

भेटमा जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साह, प्रमुख प्रशासकीय अधिकृत ज्ञानहरि घिमिरे तथा कार्यपालिका सदस्य राकेशविक्रम साह सहभागी थिए ।

उपमहानगरपालिकाका अनुसार संयुक्त बैठकपछि पहिलो चरणमा रेखाङ्कन सम्पन्न भएका पोखरी क्षेत्रबाट अतिक्रमण हटाउने अभियान सुरु गरिनेछ ।

गुठी संस्थानले पहिलो चरणमा रत्नसागर पोखरी, मुरलीसर, अरगज्जा पोखरी, दीर्घिका सर, दशरथ तलाउ, गोडधोई पोखरी लगायत सात वटा पोखरीको अतिक्रमित डिल तथा जग्गा खाली गराउने योजना बनाएको छ ।

पोखरी क्षेत्रको संरक्षण, सार्वजनिक सम्पत्तिको व्यवस्थापन तथा



अतिक्रमण नियन्त्रणका लागि गुठी संस्थान र जनकपुरधाम उपमहानगरपालिकाले संयुक्त रूपमा अभियान सञ्चालन गर्ने जनाइएको छ ।

अभियान सञ्चालनका लागि सुरुमा नौ सदस्यीय टोली गठन गरिएको थियो । पछि मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानून मन्त्रालयका उपसचिव, जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत तथा संस्कृति मन्त्रालयका एक प्रतिनिधि थपिएपछि टोली १२ सदस्यीय बनाइएको छ ।

सम्बन्धित निकायले जनकपुरधामका ऐतिहासिक तथा धार्मिक महत्वका पोखरीहरूको संरक्षणलाई प्राथमिकतामा राख्दै आवश्यक कानुनी प्रक्रिया पूरा गरेर अतिक्रमण हटाउने अभियान प्रभावकारी रूपमा अघि बढाइने जनाएको छ ।

## ३५ दिनभित्र सडक अतिक्रमण हटाउन सडक डिभिजनको अल्टिमेटम

• टक नेपाल

सडक क्षेत्र अतिक्रमण गरी बनाइएका संरचना हटाउन सडक डिभिजन कार्यालय जनकपुरले सम्बन्धित व्यक्ति तथा संरचनाधनीलाई ३५ दिनको समय दिएको छ। कार्यालयले सार्वजनिक सूचना जारी गर्दै तोकिएको समयभित्र सडक क्षेत्र खाली नगरे कानुनी प्रक्रियामार्फत अतिक्रमित संरचना हटाउने जनाएको हो ।

सडक डिभिजन कार्यालय जनकपुरका अनुसार माइस्थान-गौशाला-सम्सी सडकखण्ड र बर्दिबास-जलेश्वर सडकखण्डमा सडकको अधिकार क्षेत्रभित्र पर्ने स्थानमा विभिन्न किसिमका अतिक्रमण भएको पाइएको छ। सडकको नियमित सञ्चालन तथा सार्वजनिक आवागमनमा असर पुग्ने गरी सडक क्षेत्र मिचेर निर्माण गरिएका संरचना हटाउन सूचना जारी गरिएको कार्यालयले जनाएको छ ।

साउन १४ गते जारी गरिएको सूचनामा माइस्थान-गौशाला-सम्सी सडकको चेन ०+००० देखि २६+९४० सम्म तथा बर्दिबास-जलेश्वर सडकको चेन ०+००० देखि ४२+००० सम्मको सडकखण्डलाई समेटिएको छ ।

कार्यालयले सार्वजनिक सडक ऐन, २०३१ विपरीत सडक क्षेत्रमा निर्माण गरिएका तथा सडकको क्षेत्राधिकारमा पर्ने अतिक्रमित संरचना तोकिएको समयभित्र आफैं हटाउन सम्बन्धित पक्षलाई आग्रह गरेको छ ।

तोकिएको ३५ दिनको अवधिमा अतिक्रमण नहटाए सडक डिभिजन कार्यालयले कानुनबमोजिम आवश्यक प्रक्रिया अघि बढाउँदै डोजर प्रयोग गरी संरचना हटाउने चेतावनी दिएको छ ।

सडक क्षेत्रमा वर्षौंदेखि भएका अतिक्रमणका कारण सडक विस्तार, मर्मत तथा यातायात व्यवस्थापनमा समस्या हुँदै आएको अवस्थामा डिभिजन कार्यालयको पछिल्लो सूचनालाई अर्थपूर्ण रूपमा हेरिएको छ ।


## सर्पले टोकिहालेमा के गर्ने ?

- सर्पले टोकेको व्यक्तिलाई कोल्टे सुताउने । ढाडमा उत्तानो सुताउँदा श्वासप्रश्वासमा अवरोध पुग्नसक्छ ।
- घाउ चुसेर वा काटेर विष निकाल्न नखोज्ने । घाउ भएको शरीरको भाग धेरै चलाउन नदिने ।
- घरेलु उपचार, जडिबुटीको प्रयोग र झारफुक गराउनेतिर नलाग्ने । अबिलम्ब चिकित्सा उपचार गराउने ।

सर्पको टोकाईको समयमै उपचार गरिएन भने व्यक्तिको ज्यानै समेत जान सक्छ । त्यसैले सर्पले टोकेको खण्डमा चाँडोभन्दा चाँडो सर्पले टोकेको व्यक्तिलाई नजिकको अस्पताल वा सर्पदंश उपचार केन्द्रमा लगिहाल्नोस् ।

बर्दिबास नगरपालिका, मधेश प्रदेश, महोत्तरी



## मानव बेचबिखन विरुद्ध सचेतना

- ❖ मानव बेचबिखन गम्भीर मानवअधिकार उल्लङ्घन तथा कानूनबमोजिम दण्डनीय अपराध हो ।
- ❖ आकर्षक तलब, वैदेशिक रोजगारी वा विवाहको झुटो प्रलोभनमा नफसौं ।
- ❖ विदेश जानुअघि सम्बन्धित सरकारी निकायबाट अनुमति र आवश्यक जानकारी लिनुहोस् ।
- ❖ अपरिचित व्यक्तिलाई नागरिकता, राहदानी वा अन्य व्यक्तिगत कागजात नदिनुहोस् ।
- ❖ सामाजिक सञ्जालमार्फत आएका अपरिचित व्यक्तिको प्रस्तावप्रति सतर्क रहनुहोस् ।
- ❖ बालबालिका, महिला तथा जोखिममा रहेका व्यक्तिहरूको विशेष सुरक्षा गरौं ।
- ❖ कुनै पनि शंकास्पद गतिविधि देखेमा तुरुन्त प्रहरी वा सम्बन्धित निकायलाई जानकारी गराऔं ।
- ❖ सुरक्षित वैदेशिक रोजगारका लागि कानुनी प्रक्रिया मात्र अपनाऔं ।
- ❖ लोभलाग्दा विज्ञापन र दलालहरूको झुटा आश्वासनबाट सावधान रहौं ।
- ❖ आफ्ना परिवारका सदस्य र समुदायलाई मानव बेचबिखनका जोखिमबारे सचेत बनाऔं ।
- ❖ बालश्रम, जबर्जस्ती श्रम र यौन शोषण मानव बेचबिखनका रूपहरू हुन् भन्ने कुरा बुझौं ।
- ❖ कुनै पनि व्यक्तिलाई इच्छा विपरीत काम गर्न बाध्य पार्नु अपराध हो ।

- ❖ बेचबिखनका पीडितलाई सहयोग, संरक्षण र न्याय दिलाउन सबैले हातेमालो गरौं ।
- ❖ मानव बेचबिखनमुक्त समाज निर्माणका लागि समुदाय, स्थानीय सरकार र सुरक्षा निकायसँग सहकार्य गरौं ।

गौशाला नगरपालिका, महोत्तरी, मधेश प्रदेश


बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014